तुम्बेवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवा, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं.: ०८१/ ०८२

च.नं.:

मितिः २०८१/०८/२८

ने.सं.: ११४५ थिँलाथ्व, १३ शुक्रबार

गाउँ तुम्बेवा गाउँपालिका कार्यपालिकाको कार्यालय मौवा, पाँचथर कोशी प्रदेश नेपाल

**विषय:तह वृद्धि सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा कोशी प्रदेश सभाबाट जारी " स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन,२०८०" को दफा २६ को उपदफा(३) तथा तुम्बेवा गाउँपालिका पाँचथरको स्थायी कर्मचारीहरुको तहवृद्धि सम्बन्धी कार्यविधि,२०८१ को दफा ६ को उपदफा(१) बमोजिम कार्यविधिको दफा ८ बमोजिमको योग्यता पुगेका यस गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीले कार्यविधिको दफा ६ बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्रमा यस गाउँपालिकाको प्रशासन शाखामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही नहुने बेहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**उम्मेदवारले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु:**

१. तुम्बेवा गाउँपालिकाको स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-२ बमोजिमको निवेदन

२. सुरु नियुक्ति, नियुक्ति, बढुवा भएको भए सो सम्बन्धी कागजात, सेवा अवधि प्रमाणित सम्बन्धी कागजात, समायोजन भएको भए सो सम्बन्धी कागजात, सेवाकालिन तालिम लिएको भए सो सम्बन्धी कागजात, भौगोलिक क्षेत्रमा सेवा गरेको अवधि प्रमाणित कागजात, पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति, सेवा समूहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यता खुल्ने प्रमाणित कागजात, गयल कट्टी नभएको, सेवामा निरन्तर रहेको, विभागीय कारवाहीमा नपरेको, पेशा सम्बन्धी व्यवसायिक परिषद्ले उपलब्ध गराउने पदमा रहेको भए सो परिषद्ले उपलब्ध गराउने प्रमाणपत्र सम्बन्धी कागजातहरु सम्भाव्य उम्मेदवार स्वयंले प्रमाणित गरेको समेत पेश गर्नुपर्नेछ।

३. कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम समायोजन भएका कर्मचारीको हकमा समायोजन पूर्वको सेवा समूह समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ।

.....................................

केशव कुमार थापा

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

जय तुम्बेवा